# बराहताल गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

कुनाथरी सुर्खेत, कर्णाली प्रदेश, नेपाल

## आ.ब. २०७९/०८० को नदिजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरणको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०९/०७ गते)

२०७९ को दफा ९ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क. र यस बराहताल गाउँपालिकाको आर्थिक ऐन, नदिजन्य पदार्थ उत्खनन् गरी बराहताल गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७८|७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। अन्य थप जानकारीका लागि यस गाउँकार्यपालिकाको सूचनापाँटी, वेवसाइट www.barahatalmun.gov.np तथा कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

**ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदि प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| सि. नं. | सूचना नंर बोलपत्र नं | बोलपत्रको नाम | उत्खनन परिमाण (घन.मि) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | BRM/NCB/GOODS/079/80-03 | दुबिचौर खोला, भनभने खोला, रानीघाट (भेरी नदि) क्षेत्रमा रहेको नदिजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरण | ३६,४९२ | ३,८६३,१५२.६० | कबुल अंकको ५ प्रतिशत | ३,००० |

**शर्तहरुः**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८|०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत Nabil Bank बड्डीचौर, सुर्खेतमा रहेको यस कार्यालयको आन्तरिक राजश्व ग १.१ खाता नं ०६९०१०१७५००३४६ मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन पेश मितिः २०७९/१०/०९ गते १२ बजेसम्म विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न बोलपत्रदाताले सार्बजनिक खरिद अनुगमन कार्यालयको https://bolpatra.gov.np/egp/ बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धि कागजात साथ संग्लग्न गर्नुपर्नेछ।

२. बोलपत्र सम्बन्धि फारम भर्दा कवोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कवोल गरेको अङ्कको ५% प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको स्थानीय तहको बिभाज्य कोष खाता नः ०६९०१०१७५००३६४ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड वण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ।

३. रीतपूर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिन २०७९/१०/०९ गते दिनको १:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा उल्लेखित कार्यहरु बिदापछि कार्यालय खुलेको दिनमा गरिनेछ।

४. ठेक्का सम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

५. म्याद नाघी, रीत नपुगी र/वा शर्त सहित पेश हुन आएका बोलपत्रहरु स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा खरिद प्रक्रिया रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ।

७. ठेक्का अवधि २०७९ सालको सम्झौता मिति देखि २०८० सालको जेष्ठ मसान्तसम्म हुनेछ र सो अवधी पश्चात मौज्दात प्रमाणित गरिने छैन।

८. यस गाउँपालिकाको नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था, यस सम्बन्धि प्रचलित ऐन नियम, नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरीत हुने गरी कार्य गर्न पाईने छैन।

९. साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन्।

**प्रमुख प्रशासकीय अधिकृत**